म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३२९ बिहीबार, २६ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 10 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दुई हजार एकसय करदाताको दर्ता निलम्बन

हेटौंडा, २५ असार/आन्तरिक राजश्व कार्यालय मकवानपुरले मूल्य अभिवृद्धि कर (भ्याट) विवरण समयमा नबुझाउने करदाताको दर्ता निलम्बन गरेको छ । १५ दिने सूचना प्रकाशित गर्दापनि कर विवरण नबुझाउने दुई हजार एक सय करदाताको नाम सार्वजनिक गरेको हो । कार्यालयका प्रमुख करअधिकृत युक्त सुवेदीका अनुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा ८ बमोजिम करकट्टी रोक्का गरी दर्ता निलम्बन गरिएको हो । आन्तरिक राजश्व कार्यालयमा दर्ता भएका नियमित ६ महिना भन्दा कर नबुझाउने करदातालाई राजश्व विभागले निलम्बन गरेको हो । निलम्बनमा परेका करदातालाई तत्काल करविवरण पेशगर्न कार्यालयले आग्रह गरेको छ । दर्ता निलम्बन भएका करदाताले अनलाइनमार्फत् युजर आइडी लिएर विवरणअनुसार करदाखिला गरेपछि सस्पेन्डेड लिस्टबाट स्वत: हट्ने प्रमुख करअधिकृत सुवेदीले बताए । मकवानपुरमा ६ हजार मूल्य अभिवृद्धि करदाता रहेका छन् ।

# बागमती प्रदेशसभाको अस्थायी भवन निर्माणकार्य अन्तिमचरणमा

साझाकुरा संवाददाता



हेटौंडा, २५ असार/५ वर्षअघि शिलान्यास गरिएको बागमती प्रदेशसभाको अस्थायी भवनको निर्माण कार्य अन्तिमचरणमा पुगेको छ ।

वि.स. २०७४ माघ १८ गतेको बैठकवाट आफ्नो कार्य प्रारम्भ गरेको प्रदेशसभाले २०७७ मंसिर १० गते मात्रै अस्थायी भवनको शिलान्यास गरेको थियो । अर्घाखाँची-सगुन-पारामाउन्ट जेभीले १८ महिनामा काम सक्ने गरी २०७७ कार्तिक १९ गते ४ करोड ९४ लाख रुपैयाँमा भवन बनाउने ठेक्का पाएको थियो । निर्माण कम्पनीले ढिलो गरी संरचना निर्माण गर्‍यो र थप कामका लागि २०८० फागुन २३ गते सिउँडी निर्माण सेवासँग ३ करोड ५३ लाख रुपैयाँमा सहरी भवन कार्यालयले ठेक्का सम्झौता गरेको थियो ।

हेटौंडा उपमहानगर पालिका-१०, स्थित हाल अस्थायी रुपमा सञ्चालित प्रदेशसभा सचिवालयको जग्गाभित्रै प्रिफ्याबबाट निर्मित अस्थायी संरचना निर्माणको काम असार मसान्तभित्र सम्पन्न हुने गरी निर्माणकार्य भइरहेको सभामुख भुवन कुमार पाठकले बताए । 'असार मसान्तभित्र सम्पन्न हुने अपेक्षा गरेका छौं' सभामुख पाठकले भने, 'ढिलोमा साउनभित्र सञ्चालन हुनेछ ।' टेण्डर प्रक्रियाको सुरुवातमै केही प्राविधिक गडबडी भएकोले भवन निर्माणमा ढिलाई हुन गएको उनको भनाई छ ।

प्रिफ्याबबाट अस्थायी संरचना निर्माणको काम भर्खरै सकिएर फर्निचर र विद्युतीय उपकरणको काम भइरहेको छ । उो कामको लागि प्रदेशसभा आफैंले ठेक्का लगाएर काम गरेको हो । सिउँडी इन्टरनेशनल प्रालिसँग भवनमा फर्निचर/ फर्निसिङ कार्यका लागि २ करोड २४ लाख ७३ हजारमा ठेक्का सम्झौता गरेको हो । प्रदेशसभा सचिवालयका सचिव पूर्णबहादुर दर्जीका अनुसार फर्निचरहरु भन्सारसम्म आइपुगिसकेको छ । हाल निर्माणाधीन भवनमा विद्युतीय उपकरणदेखि फर्निचर थप व्यवस्थित हुने सचिव दर्जीको भनाई छ ।

'पुरानो सदनको तुलनामा नयाँ सदनमा प्रविधि नै नयाँ छ । माननीयज्युहरु बस्ने कुर्सी संघीय संसद्को जस्तै छ' उनले भने । प्रदेशसभा सचिवालय हाल संघीय सरकार मातहतको तत्कालीन मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको भवनमा सञ्चालन भइरहेको छ । बागमती प्रदेश सरकारका पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले एकीकृत प्रादेशिक संरचना निर्माण गर्दा मुख्यमन्त्री कार्यालय तथा मन्त्रालयहरु रहने हाताभित्रै प्रदेशसभा भवन निर्माणको योजना बनाएका थिए । यो योजना अनुसार प्रक्रिया पनि अघि बढाइयो ।

प्रदेशसभाको पहिलो कार्यकालको सुरुवातदेखि नै प्रदेशसभाका सदस्यले प्रदेशसभा बैठक, राजनीतिक दलको संसदीय दलको कार्यालय र प्रदेशसभाको सचिवालय सञ्चालन गर्न पर्याप्त नभएको, अव्यवस्थित र साँघुरो भएको भन्दै नयाँ भवन निर्माण गर्न माग गर्दै आएका थिए । प्रदेशसभाका सदस्यले अघिल्लो कार्यकालमा बसेको १० वटा अधिवेशन मध्ये अधिकांश अधिवेशनका बैठकमा प्रदेशसभा भवनमा सर्प आउने, लामखुट्टे लाग्नेलगायत साँघुरो र अव्यवस्थित भएको भन्दै नयाँ भवन बनाउन माग सहितको आवाज उठाउँदै आएका थिए ।

प्रदेश सरकारले स्थापनाको ७ वर्षसम्म भाडाका घर र संघीय सरकारका पुराना कार्यालयबाट कार्यसञ्चालन गर्नुबाहेक आफ्नै स्थायी थलो निर्माण गर्न सकेको छैन । बागमतीमा ७ वर्षभित्र ५ जना मुख्यमन्त्री र ८० जना भन्दा बढी मन्त्री भइसकेका छन् । ११० सदस्यीय प्रदेशसभामा सत्तारुढ दलका प्रत्यक्ष र समानुपातिकतर्फका ६४ सांसद छन् । जसमा सरकारको नेतृत्व गरिरहेको कांग्रेसका ३७ र एमालेका २७ सांसद छन् । प्रतिपक्षातर्फ माओवादी केन्द्रका २१, राप्रपाका १३, एकीकृत समाजवादीका ७, नेमकिपाका ३ र हाम्रो नेपाली पार्टीका २ सांसद रहेका छन् ।

# गुरुपूर्णिमाको अवसरमा भुटनदेवी मन्दिर सरसफाई





साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ गुरुपूर्णिमाको अवसरमा नेपाल मानवधर्म सेवा समिति, हंशशान्ति आश्रम हेटौंडाको आयोजनामा हेटौंडा-१० स्थित भुटनदेवी मन्दिर परिसरमा सरसफाई गरिएको छ ।

पुजनीय महात्मा पिताम्बरा वाइजीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा मानवधर्म सेवा समिति, हंशशान्ति आश्रम मकवानपुरका अध्यक्ष अर्जुन लामा, संयोजन कृष्ण कँडेल र सहसंयोजन कल्पना कँडेल र रेनुका श्रेष्ठले सहयोगी भूमिका निर्वाह गरेका थिए । कार्यक्रममा नेपाल मानवधर्म सेवा समितिको सम्पूर्ण स्वयंसेवक दल र युवा संगठनका प्रतिनिधि तथा भक्तजन गरी करिब ४५ जना सहभागी थिए । मानवधर्म सेवा समिति, हंशशान्ति आश्रम मकवानपुरका अध्यक्ष लामाले गुरुपूर्णिमाको अवसरमा मन्दिर परिसर सफा राख्न र धार्मिक स्थलप्रतिको सम्मान व्यक्त गर्न कार्यक्रमको आयोजना गरिएको जानकारी दिए ।

'यस कार्यक्रमले धार्मिक उत्सवलाई सामाजिक सेवासँग जोड्ने प्रयास गरेको छ' उनले भने, 'कार्यक्रमको मुख्य उद्देश्य सामाजिक उत्तरदायित्व र आध्यात्मिक भावनालाई सशक्त बनाउने थियो ।' कार्यक्रममा स्थानीय समुदायको व्यापक सहभागिता देखाएको छ । आयोजकले धार्मिक मान्यता र सामाजिक सेवालाई एकसाथ जोड्ने प्रयास गरेको बताएका छन् । आयोजकले यस्ता सामाजिक सेवामूलक कार्यक्रम निरन्तररुपमा सञ्चालन गर्दै आइरहेको र अझै गर्ने योजना रहेको स्वयंसेवक दलका सदस्य अर्चना लामाले बताइन् । कार्यक्रमले धार्मिक उत्सवलाई सामाजिक सेवासँग जोड्ने सुन्दर उदाहरण प्रस्तुत गरेको बताइएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# रसुवाको बाढी, उच्चतहको निरीक्षण

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले नुवाकोट-रसुवाका बाढीबाट भएको क्षतीको स्थलगत निरीक्षण गरेका छन् । प्रधानमन्त्री केपी ओलीको टोली पनि बाढीप्रभाबित क्षेत्रमा निरीक्षणमा पुगेको थियो । अबिरल वर्षापछि रसुवामा आएको बाढीका कारण जनधनको क्षति भएको समाचार सार्वजनिक भएपछि मुख्यमन्त्री लामा, प्रधानमन्त्री ओली बाढीप्रभावित क्षेत्रमा निरीक्षणका लागि पुगेका हुन् । रसुवाको टिमुरे, चिलिमे, स्याब्रुबेशी क्षेत्रमा गएको भीषण बाढीमा १८ जना बेपत्ता भएसँग गृह मन्त्रालय र सुरक्षा निकायले धुलीखेलमा भइरहेको सुरक्षा परिषद्को बैठक छोट्याउने निर्णय गरेको थियो । बाढीमा केही सुरक्षाकर्मी बेपत्ता भएका छन् । नुवाकोटका स्थायी बासिन्दासमेत रहेका मुख्यमन्त्री लामासँग सुरक्षा निकायका प्रमुख तथा स्थानीय प्रशासनका प्रतिनिधि पनि टोलीमा सहभागी थिए । स्थानीय प्रशासन र सुरक्षा निकायसँग समन्वय गर्दै मुख्यमन्त्री लामाले नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर तत्काल राहत तथा उद्दारकार्य अघि बढाउन निर्देशन दिए । हालको अवस्थामा राहत वितरण सहज नभएको भन्दै उनले नागरिकलाई सुरक्षित स्थानमा सार्न प्रहरी प्रशासनलाई सक्रिय रहन निर्देशन दिए ।

मुख्यमन्त्री लामाले प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत् संघीय सरकारको गृहमन्त्रालय र विपद् व्यवस्थापन प्राधिकरणसँग समन्वय भइरहेको जानकारी दिए । बाढीका कारण रसुवागढी हाइड्रो, त्रिशुली हाइड्रोपावरसहित विभिन्न संरचनामा क्षति पुगेको छ । नेपाल विद्युत प्राधिकरणका अनुसार रसुवागढी जलविद्युत् आयोजनाको हेडवर्क्स पूर्णरुपमा क्षतिग्रस्त भएको छ । चिलिमे जलविद्युत् आयोजनाको टेलरेसबाट पानी पसेको छ भने त्रिशूली-३ 'ए' को ड्यामसाइटका दुईवटा गेटमा क्षति पुगेको छ । त्रिशूली-३ 'बी' हब सबस्टेसनमा खोलाले धार परिवर्तन गरी पानी प्रवेश गर्दा १३२ केभी लगायत संरचना प्रभावित भएका छन् । प्राधिकरणका अनुसार त्रिशूली करिडोरअन्तर्गत पर्ने रसुवागढी, त्रिशूली-३ 'ए', देवीघाट, त्रिशूली तथा निजीक्षेत्रको अपर मैलुङटाडी आयोजना गरी करिब २५० मेगावाट विद्युत् राष्ट्रिय प्रणालीबाट विच्छेद भएको छ । बाढीमा केही सर्वसाधारण हराइरहेका छन् । प्रदेश सरकारले स्रोतसाधन जुटाएर उद्दार र राहतमा कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्दै मुख्यमन्त्री लामाले विपद् व्यवस्थापनमा सबै निकाय एकजुट भएर लाग्नुपर्ने बताए । भारी वर्षासँगै रसुवाको भोटेकोशीमा आएको बाढीका कारण भएको धनजनको क्षतिप्रति नेपाली काँग्रेस बागमती प्रदेश समितिले दुःख व्यक्त गरेको छ । नेपाली काँग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले मंगलबार विज्ञप्ती जारी गर्दै घटनामा उद्दार र राहतका साथै थप मानवीय भौतिक क्षति हुनबाट रोक्नका लागि सबै क्षेत्रबाट यथाशीघ्र खटिन आग्रह गरेका छन् । बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले मंगलबार प्रेस विज्ञप्ती जारी गर्दै सबैलाई सचेत रहन र सहयोग गर्न अपिल गरेका छन् ।

बेपत्ता, निधन र भौतिक संरचनाको अपूरणीय क्षतीको खबरले आफू स्तब्ध भएको उल्लेख गर्दै प्रदेशप्रमुख देवकोटाले यस्तो अपिल गरेका हुन् । यो विपदको समयमा पीडित एवम् प्रभावितलाई सहायता गर्न नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत सरकारी तथा गैरसरकारी संघसंस्था, रेड्क्रसलगायत परोपकारी निकायलाई उद्दारमा जुट्न र तयारी अवस्थामा रहन प्रदेशप्रमुख देवकोटाले विशेष अनुरोध गरेका छन् । नेपालको विभिन्न जिल्लामा अहिले पनि वर्षा जारी छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर आंशिकदेखि साधारणतया बदली रहने र बागमती प्रदेशलगायतमा मेघगर्जन/चट्याङ सहित वर्षाको सम्भावना रहेको उल्लेख छ । जोखिमको बेला नदी तटीयक्षेत्रमा बसोबास नगर्न, बाढीले बगाएर ल्याएको काठ, दाउरा बटुल्न नजान र अरु गएमा रोकेर संभावित जोखिम कम गर्न सबैमा अनुरोध गरिएको छ । रसुवामा बाढीमा परी हराइरहेका १८ जनाको खोजी भइरहेको छ । नेपालरचीनको सीमानामा रहेको ल्हेन्दे खोलामा आएको बाढीका कारण १८ जना सम्पर्कविहीन भएका हुन् । हराउनेमा छ जना नेपाली कामदार, छ जना चिनियाँ कामदार, तीनजना प्रहरी र तीनजना गाडीचालक रहेका जिल्ला प्रशासन कार्यालय रसुवाले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार २७ गते शुक्रबार ११ जुलाई २०२५ । प्रतिपदा, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:१७, सूर्यास्त ७:०१ । विश्व जनसंख्या दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्य बिग्रन सक्ने | तुला | : निर्माण कार्यमा प्रगति |
| वृष | : रमाइलोगरि समय बित्ने | वृश्चिक | : सामाजिक काममा सफलता |
| मिथुन | : राजनीतिमा प्रगति हुने | धनु | : सन्तानबाट खुशी मिल्ने |
| कर्कट | : शारीरिक परिश्रम गर्नुपर्ने | मकर | : व्यापारमा केही हानि हुने |
| सिंह | : पढाइमा प्रगति हुने | कुम्भ | : शत्रु पराजित हुने |
| कन्या | : विश्वासमा संकट आउने | मीन | : मानसम्मान बढ्ने |

# यसकारण फास्ट ट्र्याकबाट पारित गर्नुहुँदैन भूमि विधेयक



सुमना श्रेष्ठ

नेपाली समाजमा भूमिबारे चर्चा हुँदा 'जग्गा वितरण' को विषयलाई मात्र केन्द्रमा राख्ने परम्परा छ। यसमा कि त अति धनी वर्गलाई हदबन्दी छुट दिने कुरा हुन्छ कि भूमिहीनलाई लालपुर्जा बाँड्ने । दुवैमा जग्गा वितरण नै केन्द्रमा रहन्छ । भूमिसुधार भनेको यतिमै सीमित हुनुपर्ने विषय हो त ? नागरिकले व्यवस्थित आवासमा बस्न पाउन्, आम मानिसको आयले पनि बस्न लायक घर किन्न पुगोस्, यस विषयमा चर्चा नै हुँदैन। भूमिलाई उत्पादनसँग कसरी जोड्ने भन्ने विषयले पनि चर्चा पाउँदैन । आम मानिस र व्यवसायको पहुँचबाट बाहिर लग्ने गरी जग्गालाई शुद्ध नाफा मात्र कमाउने साधन बन्न दिने कि नदिनेबारे पनि चर्चा हुँदैन ।

भूमि विधेयकमा पनि जग्गा वितरणलाई मात्र केन्द्रबिन्दुमा राखिएको छ । यति महत्त्वपूर्ण संशोधन विधेयक समितिमै नगई ह्विपका भरमा फास्ट-ट्र्याकबाट कसरी पास गर्न मिल्छ ? यो त लोकतन्त्रको उपहास हुन्छ । सारा नेपालीलाई छुने यस विषयलाई अनिवार्य रूपमा समितिमा पठाई छलफल गरिनुपर्छ ।

**भूमि व्यवस्थापनको इतिहास**

नेपालको सन्दर्भमा भूमि व्यवस्थापन, सदुपयोग र स्वामित्वको प्रश्न उठन थालेको दशकौं भयो । २०२० सालभन्दा अघिसम्म दलितले आफ्नो निजी जग्गा राख्न नपाउने प्रावधान थियो । त्यस समयमा भूमिसुधार ऐन ल्याउनु राजस्व संकलनको उद्देश्य सँग-सँगै समाजको असमानता हटाउने गरी जग्गामा हदबन्दी लागू गर्ने एउटा क्रान्तिकारी पहल थियो । तर, राजनीतिक उथलपुथल, व्यवस्था परिवर्तन तथा अन्तरसंघर्षले भूमिसुधार सम्बन्धी कार्यक्रमहरू एक अर्थमा छायामा परे । विभिन्न आयोग गठन, कानूनी एवं सैद्धान्तिक पक्षमा काम भए पनि वास्तविकतामा परिणत गर्न सकिएन । त्यसकारण आजसम्म पनि भूस्वामित्व, व्यवस्थापन र उपयोगका समस्या र खासगरी भूमिलाई कसरी हेर्ने भन्ने विषयले प्राथमिकता नपाउनुले समाज यथास्थितिमा अल्झिएको भान हुन्छ। अझ अव्यवस्थित बसोबास पछिल्लो समयमा प्रमुख चुनौतीको रूपमा उभिएको छ र जलवायु परिवर्तन र भूकम्पीय जोखिमसँगै विस्तारै यसले ठूलो समस्याको रूप लिने निश्चित छ । विविध राष्ट्रिय समिति हुन् या आयोगहरू, अनेकन् प्रयत्नका बाबजुद पनि अपेक्षित नतिजा हात परेको छैन । किनभने, मूलभूत समस्याको स्वीकारोक्ति भएकै छैन।

पहिले हदबन्दीको दृष्टिकोणबाट हेरौं जुन हाम्रो परिवेशमा अन्यत कम छलफल गरिएको र स्पष्टसँग नबुझिएको छ । हदबन्दी भनेको भूमिसुधार भित्रकै एउटा अवधारणा हो जसले कुनै पनि व्यक्ति या संस्थाले कुन हदसम्म भूमिको स्वामित्व राख्न पाउने भन्ने विषयसँग सरोकार राख्छ । समयक्रमसँगै हदबन्दीबारे विभिन्न कानून परिवर्तन हुँदै आएका छन् । भौगोलिक रूपमा हिमाल, पहाड र तराईमा हदबन्दीका भिन्नभिन्न प्रावधान रहेका छन् । प्रारम्भिक रूपमा हदबन्दी कृषि र घरघडेरी प्रयोजनमा सीमित भए तापनि अहिले आएर व्यापारिक तथा व्यावसायिक प्रयोजनमा जोडिँदै आएको विषय हो ।

व्यापारिक, औद्योगिक वा व्यावसायिक प्रयोजनका लागि चाहिं कानूनी रूपमा हदबन्दीभन्दा अधिक भूस्वामित्व प्रदान गरिने प्रावधान छ । तर यस्तो प्रावधानका पनि विविध शर्त छन् । हदबन्दीभन्दा अधिक भूस्वामित्व रहेका व्यक्ति या संस्थाले समाजमा रोजगार सिर्जना गरेर, सामाजिक महत्त्वका वस्तुहरूको उत्पादन गरेर कसरी समाजलाई समृद्ध तुल्याइरहेका छन् भन्ने विषयमा केन्द्रित रहेर विस्तृत योजना (डीपीआर) सरकारलाई बुझाउनुपर्ने हुन्छ। यसका साथै, उक्त व्यापारिक व्यावसायिक प्रयोजनबाट वातावरणमा पर्ने प्रभावबारे वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) पनि समावेश गर्नुपर्ने हुन्छ। सरकारले यी प्रावधान अध्यादेश मार्फत हटाउन खोजेको थियो, त्यो असफल भएपछि यस संशोधन विधेयकको बाटो रोज्यो। त्यही भएर पो हो कि समिति छलेर फास्ट ट्र्याकको बाटो खोजेको ? समाजवाद उन्मुख राष्ट्रको यस प्रतिगामी कदमबारे प्रश्न उठाउनुपर्ने बेला आएको छ।

**विधेयकले नछोएका विषय**

राजनीतिक पहुँचको प्रयोग गरी प्रमुख स्थानमा कुनै एउटा उद्देश्यका लागि जग्गा लिन्छन्, तर त्यो उद्देश्य पूरा नगरी अर्को स्थानको जग्गासँग साटफेर गर्छन् । अन्ततः मुख्य स्थानको जग्गा बिक्री गरी त्यसको नाफाबाट राजनीतिक दल वा नेताहरूलाई टप-अपको रूपमा रकम दिन सक्छन् । गिरिबन्धु र पतञ्जलि काण्ड यसैको उदाहरण हो। साना तथा मझौला उद्यमी/व्यवसायीले व्यवसाय गर्न खोज्दा सहज र किफायती भूमि पाउन असम्भव छ- यो विषय विधेयकले छोएको छैन । सरकारको दृष्टिमा अर्बभन्दा कमको व्यवसाय कहिल्यै नपर्ने हो र ?

नेपाली समाजमा जग्गा वितरणको विषयमा कुरा उठ्ने बित्तिकै हुकुमवासी र सुकुमवासी दुईवटा वर्गको चित्र हाम्रो दिमागमा छापिन जान्छ। हुन त यी दुई शब्दको परिभाषा संशोधन विधेयकले हटाउन खोजेको छ। प्रस्तावित संशोधन विधेयकमा सुकुमवासीलाई जग्गा वितरण गर्नु पूर्व आर्थिक अवस्था यकिन गर्ने प्रावधान पनि हटाइएको छ । यद्यपि, यसरी जग्गा वितरण गरेमा वास्तविक सुकुमवासीले नै जग्गा पाउँछन् भन्ने कुरामा हाम्रो राजनीतिक अभ्यासका कारण ढुक्क हुनै सकिने अवस्था छैन ।

सुकुमवासी हो कि हैन भनी छुट्ट्याउन सबैभन्दा आवश्यक प्रावधान नै हटाएपछि सुकुमवासीका नाममा कति हुकुमवासीले अब जग्गामा आफ्नो हक जमाउने हो ? अनि यसमा फेरि बदनाम हुने भनेको वास्तविक सुकुमवासी नै हो । उहाँहरूप्रति जनताले हेर्ने दृष्टि झनै नकारात्मक हुँदै जान्छ। सबै सुकुमवासी हुकुमवासी नहुँदानहुँदै पनि त्यसको अपजस यो समाजले सुकुमवासीलाई नै लगाउनेछ। भू-स्वामित्व नभएका दलित तथा सीमान्तकृत वर्गलाई भूमि ऐनको आठौं संशोधनले तीन वर्षभित्र एक पटकको लागि जग्गा वितरण गर्ने कुरा कानूनी रूपमा सान्त्वना दिने मात्र तर व्यवहारमा चाहिं नउतारेको देखिन्छ। राजनीतिक दलहरूको समर्थनमा लेखिएका ऐनहरू व्यावहारिक नदेखिनु पछाडिको कारण के छ त ? अझै पनि हाम्रो नेतृत्व कुनै खास वर्गको फाइदाको लागि मात्र काम गर्छन् कि यस्ता कानूनमा मात्र सीमित हुने प्रावधानको माध्यमबाट चुनावी माहोलमा आफ्नो भोट बैंकलाई रिझाउन तल्लीन छन् ?

हामीले मनन गर्नुपर्ने अर्को महत्त्वपूर्ण प्रश्न मानिस कसरी भूमिहीन बन्दैछ भन्ने हो। पुस्तौंदेखि भूमिहीन एकातर्फ छन्। अर्कोतर्फ भूमिको स्वामित्व भएका तर प्राकृतिक प्रकोपको मारमा परेर वा विकटताका कारण आफ्नो भूमि उपभोग गर्न नसक्ने वर्ग छ। मधेशको प्रसङ्गमा भूमिहीन हुने प्रक्रिया अझ डरलाग्दो छ। वित्तीय पहुँच नभएका कारण त्यहाँका नागरिक शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताका लागि गाउँका साहुसँग मिटरब्याजमा ऋण लिन आफ्नो जमिन धितोमा राख्ने गर्छन्। ऋण तिर्न नसकेपछि साहु-महाजनले जमिन कब्जा गर्छन्। एउटै साहु-महाजनले १०० वटासम्म पुर्जा लिएर बस्नेसम्मको विकराल दृश्यले सामन्ती व्यवस्थाको पुनरावृत्ति गराउँदैछ। कसैको उक्साहट वा गलत सूचनाको जालमा परी आफ्नो जमिन कसैको व्यापारिक या अन्य प्रयोजनका लागि दिएर भूमिहीन बन्न पुगेका नागरिक पनि छन्।

दैनिक जीवनका आरोह-अवरोहमा या कुनै दुर्घटनाको कारणले पनि परोक्ष रूपमा मानिसहरू भूमिहीन बन्न पुगेका छन्। उदाहरण स्वरूप- एउटा थारु परिवारले विद्युतीय कार्य गर्ने क्रममा दुर्घटनावश जलेका बुवाको उपचार गर्न खर्च जुटाउने क्रममा सबै जग्गा-जमिन गुमाउनुपर्‍यो । अन्ततः अव्यवस्थित बसोबासमा बस्न बाध्य हुनुपरेको मैले प्रत्यक्ष भेटेर थाहा पाएँ। यो एउटा प्रतिनिधि घटना मात्र हो, जसको प्रतिनिधित्व भित्रका तहहरूमा कति घटना छन्, जुन वित्तीय पहुँचको अभावमा सतहमा आउन सकेका छैनन् । सरकारले विपन्न वर्गका आवासीय आवश्यकता पूरा गर्न नयाँ वित्तीय संयन्त्रहरूको परिचय र अन्वेषणको लागि प्रावधान वा संरचना स्पष्ट गर्नुपर्ने हो। तर हालको विधेयकको प्रारूप र सरकारबाट प्रस्तावित संशोधनले जग्गा बाँडेर मात्र समस्या समाधान हुन्छ भन्ने मानेको छ । कोही किन भूमिहीन हुन्छ भन्ने जरोमा पुगेर मुद्दा सम्बोधन गरेको छैन।

**अव्यवस्थित बसोबासको कुरा**

हामीले भूमिहीन दलित र भूमिहीन सुकुमवासीको कुरा गरिरहँदा अव्यवस्थित बसोबासको कुरा छुटाउँछौं। आवास भन्नाले आफ्नो टाउको ओताउने छानामात्र बुझ्दछौं। तर मर्यादित जीवन निर्वाहको निमित्त सुरक्षित आवासको अभावमा नागरिकहरू आवासको अव्यवस्थालाई आफ्नो दैनिक जीवनको अङ्ग बनाउन बाध्य छन् र यस अन्त्यहीन नियतिलाई मनोवैज्ञानिक रूपमा स्वीकार्न बाध्य छन्।

अब भूमिको विषयमा कुरा उठाउँदा कृषि प्रयोजनमा मात्र सीमित हुनुहुँदैन । भूमि साधारण आवश्यकता र सीमित सपना-बालबच्चाको लागि शिक्षा, स्वास्थ्य सेवा इत्यादि पूरा गर्नको लागि समेत वित्तीय पहुँचको माध्यम बनेको हुन्छ । भूमि मानिसको भौतिक आवश्यकता मात्र होइन, भूमिमा मानिसको संवेग, परिश्रम र आफ्नोपनको आभास पनि जोडिएको हुन्छ ।

उक्त मानवीय आयामबाट हाम्रो नेतृत्वको संयन्त्रले नागरिकलाई वञ्चित त गरायो गरायो, त्यसमाथि कुनै एउटा तहलाई पक्षपोषण गरेर, वर्गभेदलाई अझ गहिरह्याएर आफ्नो समाजवादी रटानमाथि उपहास गरेको छ। भूमिलाई उपयोगिता र स्वामित्वको दृष्टिकोणबाट हेर्नुपर्ने भएको छ । किनभने, हामीसँग उपभोग्य भूमि सीमित छन्। राजनीतिक रूपमा व्यवस्थित आवास सबैको साझा बिन्दुमा पर्न जान्छ, र त्यसमा एक मत नभई राजनीतिक निकास नै छैन। प्रशासनिक क्षेत्रमा स्थानीय तहले भूमि ऐनअनुरूप विभिन्न कार्य गर्न सक्छन् ।

सरकार र सामाजिक व्यवस्थाले समेत सुकुमवासीलाई एउटा स्थायी राजनीतिक वर्गको रूपमा चित्रित गरेको छ । यस चित्रणले सुकुमवासी नागरिकप्रति सरकारको उत्तरदायित्व भावलाई प्रष्ट्याउन मद्दत गर्छ । आफू र आफ्नो परिवारलाई सुरक्षित आवास प्रदान गर्न नसकेको अवस्थामा खोला किनारको छेउछाउमा अव्यवस्थित रूपमा बस्नु नागरिकको प्रारब्ध हो, कुनै सचेततापूर्वक गरिएको चयन होइन । त्यसकारण उक्त नागरिकको बाध्यता उसको स्थायी परिचयको रूपमा स्थापित हुनु हुँदैन । संसारका अन्य मुलुकमाझैं निजी क्षेत्र र सरकार मिलेर असुरक्षित बसोबास गरिरहेका नागरिकलाई किफायती आवासको व्यवस्था गर्नु उपयुक्त समाधान हुनसक्छ ।

उदाहरणका लागि, सिंगापुर 'अवैध बासिन्दालाई हिस्सेदारमा रूपान्तरण गर्ने ठोस राजनीतिक दृष्टिकोणका प्रारम्भिक अंगीकारकर्ता थियो । यस नीतिको आधारभूत पक्ष भनेको आवासको स्वामित्व बनाउने कार्यमा 'दूरदर्शी प्रणालीगत' दृष्टिकोण अपनाउनु हो, जसको केन्द्रमा विधिको शासन, संस्थागत सुधार, नवीनता, वित्तीय दिगोपन, सामाजिक सन्तुलन र निजी क्षेत्रको सहभागिता रहेको छ । सिंगापुरमा निजी क्षेत्रलाई एक उत्पादनशील साझेदारको रूपमा एकीकृत गरिएको छ । नवप्रवर्तन एवं प्रतिस्पर्धा गर्न प्रेरित गरिएको छ, तर नाफाखोरीलाई रोकी सार्वजनिक लक्ष्यहरू सुनिश्चित गर्न सक्ने गरी नियमन गरिएको छ। यसअन्तर्गत निजी (विदेशी समेत) विकासकर्ता कम्पनीहरूलाई आवासीय प्रयोजनका लागि राज्यको जमिन लामो अवधिको पट्टामा प्रयोग गर्न अनुमति दिइएको छ। साथै, आवास आपूर्ति शृंखलाका अन्य क्षेत्रहरू (खनन, निर्माण, यातायात, ढुवानी आदि) पनि प्रणालीमा समावेश गरिएका छन्, तर उनीहरूको नाफाखोरी कडाइका साथ सीमित गरिएको छ।

हाम्रो सन्दर्भमा, प्रत्येक पटक जनतालाई रित्तो समाजवाद बेचिन्छ। प्रस्तावित विधेयकले निजी क्षेत्रको सहभागिता प्रवर्द्धन गर्दै उनीहरूको अतिरेक नियन्त्रण गर्ने उपाय खोज्नुको सट्टा, आसेपासे पूँजीपतिको लागि सार्वजनिक जमिनबाट नाफा कमाउने ढोका पूर्ण रूपमा खोल्ने प्रयास गर्छ ।

यो विधेयकले प्रष्ट सन्देश दिन्छ- निजी लगानीका लागि कुलीन र सम्पन्नहरूसँग फराकिलो सीमा सहितको प्रशस्त जमिन छ, साना तथा मझौलाका लागि केही छैन । यति व्यापक स्तरमा आसेपासेहरूको पक्षपोषणले आर्थिक असमानता झनै गम्भीर बनाउनेछ, किनकि यसले विशेष स्वार्थ समूहहरूको मात्र स्वार्थपूर्ति गर्नेछ, जग्गाको मोल बढाई आम जनता र उद्यमीको पहुँचबाट अझै टाढा लैजानेछ । आवास क्षेत्रमा निजी क्षेत्रको सहभागिता कसरी उत्पादनशील रूपमा एकीकृत गर्ने र कसरी नियमन गर्ने भन्ने विषयमा प्रस्तावित विधेयकका प्रावधानहरूमा थप गहिरो छलफल आवश्यक छ। आवासको नाममा पूर्ण रूपमा नाफाखोरी गरिने तर धेरै नागरिकहरू अझै आफ्नो आधारभूत अधिकारबाट वञ्चित भइरहने अवस्था अब भने स्वीकार्य हुन सक्दैन।

संशोधन विधेयकको माध्यमबाट सरकार राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र तथा अन्य वन्य क्षेत्रहरूमाथि पनि वक्र दृष्टि लगाएको छ। राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र तथा अन्य वन्य क्षेत्रहरूको जग्गा सरकारी नाममा ल्याउने प्रावधान राखिएको छ। यो वक्र दृष्टिकोण कुनै बैङ्क, निजी क्षेत्र वा "साहु महाजनलाई" असीम अधिकार प्रदान गर्ने आयोजनाको अङ्ग हो । वन, निकुञ्जको जग्गा सरकारी नाममा ल्याउने, त्यसपछि डिपिआर, ईआईए केहि नगरी हदबन्दी छुट गरी आसेपासेलाई चलाउन दिने, र त्यसमा राजनीतिकर्मीले भाग खोज्ने प्रपञ्च यस विधेयकमा रचिएको भान हुन्छ । समग्रमा, समाधानको पहिलो बाटो भनेकै समस्यालाई स्पष्ट रूपमा बुझ्नु हुन्छ । लोकतान्त्रिक व्यवस्थामा स्वतन्त्रताको कुरा गर्ने गरिन्छ तर स्वतन्त्रताको मूर्त रूप भने उत्तरदायित्वबाट नै सुरू हुन्छ । जबसम्म सुरक्षित र व्यवस्थित आवासका कुराहरू सडक र सदन दुवै तहमा हुँदैनन् तब सम्म नागरिकहरू रातो पुर्जा र सेतो पुर्जाको दोहोरिरहने वाचाबद्धता मात्र चित्त खुम्च्याउन बाध्य हुने छन् ।

समाजको उच्च तप्काले निम्न तप्काको गरीबी र सीमान्तकृत अवस्थामा समेत नाफा खोजेर हदबन्दीभन्दा अधिक भूमिको स्वामित्व लिनेछ र प्रस्तावित संशोधन विधेयकले डीपीआर तथा ईआईए जस्ता प्रावधानहरू निर्मूल पारेर सोही उच्च तप्काको खातिरदारी गर्ने प्रयत्न गरेको छ । यिनै विपन्न तथा सिमान्तकृत समुदायको लागि चुनिएका नेताहरुले यस्तो विधेयक पास गर्न जानुले हाम्रो नेतृत्व वर्ग कतै गणतन्त्रको मर्मबाट पथविरत त हुन लागेको होइन ? जनताको आवश्यकतालाई अनदेखा गर्नुमा नेतृत्व वर्गमा कतै व्यक्तिगत लाभको लालसा त हैन ? यी प्रश्नहरुका जटिलता फुकाइन जरूरी छ ।

प्राकृतिक प्रकोप - अत्यधिक वर्षा, अनियन्त्रिक डढेलो र भूकम्प सँगै असुरक्षित बसोवास पनि क्रमिक रुपले बढ्ने निश्चिन्त देखिन्छ। भूमिको अव्यवस्थाको कारण वातावरण कसरी बिग्रदै गइरहेको छ, त्यसले जनताको आधारभूत र मौलिक सुरक्षित आवासको हकमा कसरी प्रभाव पार्दैछ भन्ने गम्भीर वास्तविकतालाई उपेक्षा गरेर पुनः भूमि र जमिनको दोहनलाई बढावा दिने सरकारको दायित्व बोधमाथि प्रश्न गर्ने कि नगर्ने ? यी सब कानुनी खेलको सार के त ? पुनः दलित, सीमान्तकृत, भूमिहीन नागरिक्लाई रातो पूर्जाको आश देखाउँदै भोट बैङ्कलाई स्थायी र दृढ बनाउने तर विपन्न र सम्पन्नको दूरीलाई अझै बढाइ दिने ?

साना तथा मझौला उद्यमी र आम जनताको भूमिमा पहुँच पुग्ने अवस्था ल्याउनेतर्फ कदम नचाल्ने? यदि यो परिणाम फेरि फेरि नचाहने हो भने हामी किन त्यही विधेयक पास गर्नका लागि दौडधुप गर्ने जो मूलभूत रूपमा समाजवाद विरोधी छ ? तर, नेतृत्व र सरकारको यावत् गतिविधि नियाल्ने हो भने सरकार जनतादेखि अलिकति पनि डराएको छैन । अझ जनतासँगको सम्पर्कहीनतालाई आफ्नो निजी फाइदाको बाटो बनाइरहेको छ । त्यसकारण, म सबै नेतृत्व तथा सांसदहरुलाई आह्वान गर्न चाहन्छु कि यस्तो विभेदकारी, नितान्त अमान्य प्रावधानहरु यस विधेयकबाट हटाऔं र देश र जनताको वास्तविक सङ्कट र प्रश्नतर्फ केन्द्रित होऔं। फेरि पनि आग्रह गर्दैछु - फास्ट ट्र्याकबाट यस्तो महत्त्वपूर्ण विधेयक नलगियोस् ।

*(साभार: अनलाइनखबर)*

# लुम्बिनी प्रदेशमा सुरक्षित गर्भपतनको अवस्था

छवि पुरी

लुम्बिनी प्रदेशमा सुरक्षित गर्भपतन गराउनेको संख्या बढ्दै गएको पाइएको छ । नेपाल सरकारले २०५९ सालबाट सुरक्षित गर्भपतनको प्रावधान ल्याएसँगै सूचीकृत स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन गराउनेको संख्या बढ्दै गएको हो । प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार लुम्बिनी प्रदेशमा रहेका २ सय ८१ वटा सुरक्षित गर्भपतन सेवा केन्द्रबाट आर्थिक वर्ष २०७६/०७७ मा १८ हजार ३ जनाले सुरक्षित रुपमा गर्भपतन गराएका थिए । अघिल्लो आव २०७८/०७९ मा लुम्बिनी प्रदेशमा १८ हजार ४ सय १५ जनाले सुरक्षित गर्भपतन गराएको थिए । आव २०७९/०८० मा लुम्बिनी प्रदेशका १२ जिल्लामा गरी १८ हजार १ सय ७ जनाले गर्भपतन गराएका छन् ।

आव २०८०/०८१ मा १९ हजार ८ सय २० जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन् । आव २०८०/०८१ मा सबैभन्दा धेरै सुरक्षित गर्भपतन गराउने रुपन्देहीका रहेका छन् । रुपन्देहीमा ४ हजार ८ सय ९, बाँकेमा ३ हजार ५ सय ४३, दाङमा २ हजार ४ सय २१, कपिलवस्तुमा १ हजार ६ सय ५८, बर्दियामा १ हजार ६ सय ५३, नवलपरासी पश्चिममा १ हजार ३ सय ९९, पाल्पामा १ हजार १ सय ८४, रोल्पामा ९ सय ४३, अर्घाखाँचीमा ५ सय ९८, गुल्मीमा ७ सय ७६, प्युठानमा ७ सय १५ जना र रुकुम-पूर्वमा १ सय २१ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन् । तथ्यांकले रुपन्देहीमा लगातारुपमा सुरक्षित गर्भपतन सेवा प्रयोगकर्ताको संख्या धेरै देखिएको छ । आव २०७८/०७९ मा ४ हजार ९ सय ३ जनाले यो सेवा लिएकोमा आव २०७९/०८० मा ४ हजार ४ सय ७९ जना र आव २०८०/०८१ मा ४ हजार ८ सय ९ जनाले सेवा लिएका छन् ।

बाँके दोस्रो स्थानमा देखिएको छ । जहाँ आव २०७९/०८० मा २ हजार ६ सय ७ र आव २०८०/०८१ मा ३ हजार ५ सय ४३ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन् । दाङमा सुरक्षित गर्भपतन सेवा प्रयोगकर्ताको संख्या आव २०७८/०७९ मा २ हजार २ सय ६२, आव २०७९/०८० मा २ हजार १ सय ४ र आव २०८०/०८१ मा यो सेवा २ हजार ४ सय २१ जनाले लिएका छन् ।

यसरी प्रदेशमा आव २०८०/०८१ मा कुल १९ हजार ८ सय २० जना महिलाले सुरक्षित गर्भपतन सेवा लिएकोमा २० वर्षमुनिका ६ सय १४ जना महिलाले औषधीय गर्भपतन अर्थात् मेडिकल एबर्सन सेवा लिएको र सोही उमेर समूहका ३ सय ३० जना महिलाले शल्यक्रियात्मक गर्भपतन अर्थात् सर्जिकल एबर्सन सेवा लिएका छन् । यसै गरी, २० वर्ष वा सोभन्दा माथि उमेरका १३ हजार २ सय ८४ जनाले औषधीय गर्भपतन सेवा र ५ हजार ५ सय ९२ जनाले शल्यक्रियात्मक गर्भपतन सेवा लिएका छन् ।

लुम्बिनी प्रदेशका १ सय ९ स्थानीय तहमध्ये चार स्थानीय तहमा भने शून्य गर्भपतन भएको पाइएको छ । शून्य गर्भपतन भएका स्थानीय तहहरुमा गुल्मीको इस्मा गाउँपालिका, रुपन्देहीको कोटहीमाई गाउँपालिका र कपिलवस्तुको मायादेवी गाउँपालिका तथा शुद्धोदन गाउँपालिका रहेका छन् । यति मात्रै होइन, प्रदेशमा आव २०८०/०८१ मा गर्भपतन गएका ८० दशमलव १ प्रतिशत महिलाले गर्भपतनपश्चात् परिवार योजनाको साधन प्रयोग गरेका छन् । आव २०८०/०८१ मा गर्भपतनपश्चात् परिवार योजनाको साधन प्रयोग गर्ने सबैभन्दा बढी प्रतिशत पाल्पा रहेको छ । पाल्पामा ९६ दशमलव ३ प्रतिशत रहेकोमा गुल्मीमा ९५ दशमलव ४ प्रतिशत रहेका छन् । रुपन्देहीमा ८६ दशमलव २ प्रतिशत र हँदा यो अनुपात सबैभन्दा कम दाङमा ६८ दशमलव २ प्रतिशत मात्रै देखिएको छ । जनगणना २०७८ अनुसार लुम्बिनीको जनसंख्या ५१ लाख २२ हजार ७८ रहेको छ । जसमा २६ लाख ६७ हजार ६ सय ७० अर्थात् ५२ दशलमव ०८ प्रतिशत महिला रहेका छन् ।

क्रमशः पृष्ठ-३...

# महिला फुटबलमा कप्तानी विवादको जालो




काठमाडौं / नेपाली महिला फुटबल टिमको मिसन थियो, महिला एसियन कपमा छनोट हुने । समर्थकलाई खुशी दिने अनि सबैको माया पाउने । तर वास्तविकता अर्को भइदियो । एसियन कपमा छनोट हुन असफल भयो । मिसन एसिया कप मात्र होइन २०२७ को मिसन विश्वकप र २०२८ को ओलम्पिकको ढोका पनि बन्द भयो । खेलको पाटो नै हो हार जित । राम्रो खेल्दा पनि नतिजा आफ्नो पक्षमा आउन नसक्दा दुर्भाग्य नेपाल अर्को वर्ष अष्ट्रेलियामा हुने महिला एसियन कपमा नदेखिने सत्य हो ।

पछिल्लो दुई सातामा महिला फुटबलमा विभिन्न उतार चढावहरु आए । नेपालको प्रदर्शन देखि कप्तान परिवर्तन देखि प्रशिक्षकको आरोपसम्म । जसले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई समेत राम्रैसँग सोच्न बाध्य पारिदियो । अब एन्फा पनि सोच्न बाध्य भयो होला 'होइन यसरी त फुटबल चल्दैन' पनि भनेर । सुरुमा विवाद र नकरात्मक कुरा भन्दा पहिले केही सकरात्मक कुराहरु गरौं । नेपालले राम्रो खेल्दा खेल्दै पनि एसियन कपमा छनोट हुन सकेन । लाओस र श्रीलंकालाई त मजैले हरायो । तर निर्णायक खेलमा उज्बेकिस्तानसँग पेनाल्टीसुटआउटमा पराजित हुँदा निकै नजिक पुगेर पनि एसियन कपमा पुग्न सकेन । मैदानभित्रको नतिजा यति नै रह्यो ।

यस्तै नेपाली महिला टोलीले नयाँ कप्तानको रुपमा सावित्रा भण्डारी साम्बालाई पायो । उज्बेकिस्तान पुगेर खेलेको लाओस विरुद्धको पहिलो नेपाली महिला टोलीको एक सयौं अन्तर्राष्ट्रिय खेल थियो । त्यसमा नयाँ कप्तान बनेकी साम्बाको ह्याट्रिक र नेपालको ९-० को जित । सुरुवात सानदार नै थियो । त्यसमा नेपालको प्रशिक्षक पनि नयाँ थिए प्याट्रिक डे वाइल्ड । बेल्जियमका यी ६१ वर्षिय भेट्रान प्रशिक्षकले पनि सिनियर राष्ट्रिय टोलीबाट प्रशिक्षकको रुपमा डेब्यु गर्दै पहिलो खेलमै जित आत्मसाथ गरे ।

नयाँ कप्तान नयाँ प्रशिक्षक जितबाट छनोटको यात्रा सुरुवात । त्यसपछि श्रीलंकामाथि ८-० को जित । तेस्रो खेलमा उज्बेकिस्तान विरुद्ध दुई पटक दुई गोलले पछि परेको स्थितीमा (२-० र ३-१ ले पछि परेको) पुनरागमन अनी निर्धारित समयमा ३-३ को बराबरी । कति राम्रो, कति गज्जब ! छनोट भएको भए अझ सुनमा सुगन्ध हुने थियो । तर त्यस्तो भएन । मात्र पेनाल्टीमा नेपालको भाग्य बलियो रहेन । नेपालका दुई खेलाडी पेनाल्टीमा गोल गर्न चुक्दा उज्बेकिस्तानसँग पराजित भयो । यो एक हार नै नेपाली महिला फुटबललाई केही वर्ष पछि धकेल्न पर्याप्त हुने भयो ।

तर मैदानका यी सबै प्रदर्शन र उपलब्धीहरु एकै छिनमा छायाँमा परे । कप्तान चयनको विवाद, मुख्य प्रशिक्षक र टिम व्यवस्थापकबीचको विवाद, अनि छनोट सकिएपछि मुख्य प्रशिक्षकले दिएको अन्तर्वार्ताले गर्दा मैदान भित्रको खेल भन्दा मैदान बाहिरको खेलको चर्चा बढी भयो । मैदान बाहिरकै मान्छेहरु हावी भए ।

उज्बेकिस्तान जानुअघि देखि नै नेपाली महिला टिमको कप्तान परिवर्तन हुने चर्चा चलेको थियो । यो सामान्य नै थियो । कप्तान परिवर्तन एक प्रक्रिया नै थियो । तर उता गएर कप्तान परिवर्तनको प्रोसेस भने अचम्मको रह्यो । विवादमै फस्यो । त्यसपछि नेपालले खेल्दै जाँदा यस विषयमा केही सूचना समाचारहरु बाहिर आउन थाल्यो ।

नेपाली टोली छनोट खेलेर सोमबार बिहान नेपाल फर्कियो । मुख्य प्रशिक्षक प्याट्रिक डे वाइल्ड भने टिमसँग फर्केनन् । उनी पूर्व निर्धारित तालिका अनुसार नै आफ्नै देश बेल्जियम फर्किए । स्वदेश फर्किएपछि नयाँ कप्तान सावित्रा भण्डारी साम्बाले सुरुमा केही विवाद भएको र त्यो विवाद अब भविष्यमा नहोस् भन्ने प्रतिकृया पनि दिइन् । एन्फा महासचिव किरण राईले कप्तान र प्रशिक्षकको विषयमा छलफल गरेर पछि निर्णय हुने जानकारी दिए । उनले यस विषयमा खुलेर बोलेनन् वा बोल्न चाहेनन् । कप्तानी विवादलाई मिडियाले नै धेरै 'कन्ट्रोभर्सी' बनाएको बताइरहे ।

तर मंगलबार प्रकाशित प्याट्रिक डे वाइल्डको एक अन्तर्वार्तापछि भने दिनभर सनसनी फैलियो । यसले एन्फाको मथिङ्गल हल्लायो । अगाडिकै विवादले के गर्ने भन्ने निर्णयमा पुग्न नसकेको एन्फाका लागि प्रशिक्षकको अन्तर्वार्ता अर्को झड्का थियो । त्यसपछि के गर्ने कसो गर्ने सम्मको स्थिति बन्यो ।

त्यसपछि नेपाली टिमसँग उज्वेकिस्तान गएका टिम म्यानेजर, सहायक प्रशिक्षकहरू, हेड अफ डेलेगेट्स र एन्फाको टेक्निकल निर्देशकसहितको संयुक्त पत्रकार सम्मेलन डाकियो । एन्फा मुख्यालयकै कार्यालयमा भएको यो पत्रकार सम्मेलन एन्फाको आधिकारिक नभएको र सम्बन्धित व्यक्तिहरुको मात्र भएको एन्फा प्रवक्ता सुरेश शाहले जानकारी गराए । पत्रकार सम्मेलन मुख्य प्रशिक्षकको अभिव्यक्ति र छनोटमा नेपालको प्रदर्शनको समिक्षाको विषयमा केन्द्रित हुने बताइएको थियो ।

तर त्यहाँ कप्तान परि वर्तनको विवाद, कप्तान विवादको जालो, प्रशिक्षक र टिम व्यवस्थापन बीचको खटपट देखि नेपाली फुटबलमा उपलब्ध सुविधा र उपलब्ध नभएको सुविधा, अत्र गर्नुपर्ने काम सम्मको विषयमा व्यापक 'इन्ट्याक्सन' जस्तै भयो ।

**कप्तान चयनमा विवादको जालो**

नेपाली टोली उज्बेकिस्तान जानुअघिसम्म महिला टोलीको कप्तान नतोकिएपछि यस पटक कप्तान परिवर्तन हुने संकेत मिलिसकेको थियो । उज्बेकिस्तान पुगेर पनि अन्तिम समयमा लाओससँग पहिलो खेल हुनुअघि मात्र कप्तान तोकिएपछि यसको पुष्टि भयो । सुरुमा लाइनअपमा रेनुका नगर कोटेलाई कप्तान तोकिएको थियो । तर खेलको बेला सावित्रा भण्डारी साम्बालाई कप्तानको आर्मब्याण्ड लगाएपछि कप्तान चयनको विवादको सुरुवाती झल्को देखियो ।

टिम व्यवस्थापनले रेनुकालाई कप्तान रोज्ने, मुख्य प्रशिक्षकले साम्बालाई कप्तानी दिने विषयले पहिलो खेलअघि नै नेपाली टिमभित्रको विवाद बाहिर आयो । त्यतिबेलै कप्तान परिवर्तनको विषय र प्रक्रियालाई समेटेर प्रशिक्षक प्याट्रिकले एन्फामा अध्यक्ष, टेक्निकल डिरेक्टरलाई पनि इमेल पठाइसकेका थिए ।

टेक्निकल डिरेक्टर हरि खड्काले पहिलो खेलको भोलीपल्ट कोचले सबै घटनाको बारेमा लेटर पठाएको र आफूले अन्य कुरामा ध्यान नदिनु र खेलमा केन्द्रित हुन भनेको बताए । 'घटना भएको भोलिपल्ट कोचले लेटर पठाउनुभयो । हामीसँग दुई म्याच बाँकी थियो । मैले हेड अफ डेलेगेट्स र कप्तानसँग बुझे । त्यसपछि प्रशिक्षकलाई अन्य कुरामा ध्यान नदिनु, तपाईं र हाम्रो लक्ष्यमा ध्यान दिनु भनेर भनें । बेलुका उहाँले सबै सेटल भयो भनेर भन्नुभयो खेलाडीहरु खुशी छन् भन्नुभयो । तर हामीबीच (हेड अफ डेलेगेट्स र कोच) बोलचाल भाछैन भन्नुभयो' उनले भने ।

यस विषयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा नयाँ रहस्य खुल्यो । मुख्य प्रशिक्षक खासमा नेपालमा आएदेखि नै कप्तान परि वर्तन गर्न चाहन्थे । उनले टिम व्यवस्थापनभित्र यो कुरा राखिसकेका थिए । तर दुई पक्षबीच समन्वय नमिल्दा अन्तिम समयमा मात्र कप्तान घोषणा भयो ।

नेपाली टोलीको हेड अफ डेलेगेट्स तथा एन्फा केन्द्रिय सदस्य समेत रहेकी सरिला श्रेष्ठ मलेकुले नेपाली टोली उज्बेकिस्तान जानुअघि नै कप्तान चयन गरौं भन्दा प्रशिक्षक प्याट्रिक डे वाइल्डले नमानेको दाबी गरिन् । 'हामीले यहीं कप्तान तोकेर जाऔं भन्दा उहाँले मान्नुभएन, उतै गएर गरौंला भन्नुभयो' उनले भनिन् ।

त्यसबेला आफूहरूले उक्त कुरा मानेको बताउँदै उनले उता पुगिसकेपछि पनि प्रशिक्षकले खेल हुने दिनसम्मै आलटाल गरेको बताइन् । त्यसपछि प्रशिक्षकले तोकिएको समयभन्दा ५ मिनेटअघि मात्रै टिमको नाम लिस्ट दिएको बताइन् । 'भिडियो देखाएर प्लेइङ ११ देखाइयो । त्यसमा कप्तान को हो भनेर लेखिएको थिएन, हामीले मैदानमा जानेबेला पनि सोध्यौं तर उहाँले भन्नुभएन, त्यसपछि हामीले सिनियर खेलाडी रेनुका नगरकोटे देखेर उहाँलाई कप्तान राखेर टिम लिस्ट एएफसीलाई पठायौं' उनले भनिन्, 'त्यसपछि खेल सुरु हुनुअघि रेनुकालाई आर्मब्यान्ड लगाउन खोज्दा प्रशिक्षकले बल्ल रोक्नुभयो र साम्बा कप्तान भएको बताउनुभयो।'

श्रेष्ठले भने सावित्रालाई कप्तान बनाउँदा आफूहरूलाई कुनै आपत्ति नहुने उल्लेख गरिन् । 'नेपालमै हुँदा सावित्रा कप्तान भनेर भनेको भएपनि समस्या थिएन, प्रशिक्षकले किन यस्तो गर्नुभयो थाहा भएन' उनले भनिन् ।

'त्यसपछि टिम लिस्टमा अर्कै कप्तान भएपछि कारवाही हुन्छ कि भनेर प्रश्न गर्दा उहाँ आफैं चर्किन थाल्नुभयो, म्याच कमिस्नर ले पनि यस विषयमा प्रश्न उठाएपछि उहाँले कसैको पनि कुरा सुन्नुभएन' उनले अगाडि भनिन् । म्याच कमिस्नरले धेरैपटक प्रश्न उठाउँदा पनि प्रशिक्षक वाइल्डले वास्ता नगरेको श्रेष्ठले बताइन् ।

टिम म्यानेजर बिन्द्रा देवान, सहायक प्रशिक्षक राजेन्द्र तामाङले पनि प्रशिक्षकले अन्तिम समयमा नै कप्तान तोक्दा यस्तो भएको बताए । 'हामीले जो भएपनि कप्तान चाहिन्छ भन्यौं । उहाँले सुरुमै यो पेपर देखाउनुभयो, शुभकामना दिनुभयो । त्यसपछि नेम लिस्टमा कप्तान मेन्सन छैन भनेपछि यो फोटो खिचेर पठाइदेऊ भन्नुभयो' म्यानेजर देवानले भनिन् । यस्तै यसै प्रसंगमा सहायक प्रशिक्षक राजेन्द्र तामाङ र गोलकिपर प्रशिक्षक सुरज लामाले अझ एक स्टेप अघि बढेर प्रतिक्रिया दिए । खासमा प्रशिक्षक वाइल्ड नेपाल आएपछि नै एन्जिलालाई कप्तानमा निरन्तरता दिन नसक्ने र नयाँ कप्तान बनाउनुपर्ने विषयमा नेपालमै कुरा भएको खुलासा गरे ।

'मेरो टिममा गोलकिपर कप्तान हुँदैन कहिल्यै । म चेन्ज गर्न चाहन्छु भन्नुभयो । गोलकिपरले कप्तान गर्दा राम्रो लिड गर्न सक्दैन भन्ने कुरा गर्नुभयो' तामाङले पत्रकार सम्मेलनमा भने, 'हेड कोचले मैले साम्बा र गीता चुज गरिराछु भन्नुभयो । दुईमा म एक बनाउछु यहाबाट जाँदा भनेर भन्नुभयो । फेरि उहाँले कप्तान एन्जिला पनि हुन सक्छ है, शंका नगर । हतार नगर भन्नुभयो।'

बिदाईमा कप्तान चयन हुन्छ कि भन्ने आश गरेपनि एन्जिला र साम्बालाई अगाडि बोलन लगाएपछि आफूहरु झन् कन्फुजनमा परेको तामाङले बताए । 'हामी उता पुग्दा उहाँ कप्तान परिवर्तन गर्ने मानसिकतामै हुनुहन्थ्यो' उनले भने ।

यस्तै गोलकिपिङ प्रशिक्षक सुरज लामाले पनि प्याट्रिकले सुरुमै एन्जिलालाई ड्रप गर्ने भनेर आफूलाई भनेको बताए । 'एक दुई ट्रेनिङ सेसन हेर्नुभयो । सुरुमै गोलकिपर कप्तान हुन सक्दैन भन्नुभयो । कोच किन गोलकिपर कप्तान हुन सक्दैन? भनेर मैले भनें । उहाँले फिफाको नयाँ नियम अनुसार मैदानमा केही भए कप्तानले रेफ्रीसँग कुरा गर्नुपर्ने भएर यो कुरा सिरियस भएको बताउनुभयो' लामाले भने ।

कोचहरुसँग कुरा गरेर एन्जिलालाई कप्तान बनाउन सक्दिनँ भनेको लामाले बताए । 'एउटाले कप्तानी गरिरहेको अर्कोले गर्दा कस्तो हुन्छ भनेर हामीलाई क्युरिओसिटी भयो' उनले भने ।

'एन्जिलालाई ड्रप नै गर्ने भनिसक्नुभाथ्यो उहाँले मलाई । दुई दिन बाँकी हुँदा म एन्जिलालाई निरन्तरता दिन सक्दिन भन्नुभयो । अनि मलाई विकल्प दे भन्नुभयो । त्यो बाहेक मलाई यो बेटर लाग्न्छ भनेर भनें । तपाईलाई के लाग्छ भन्दा उहाँले किपरमा अन्जनालाई छान्नुभयो' उनले अगाडि भने ।

यसरी नेपालबाटै सुरु भएको कप्तान परिवर्तनको जालो उज्बेकिस्तान पुगेर छरपष्ट मात्र भएन विवादित नै बन्यो । नेपाली फुटबलमा फेरि एक पटक व्यवस्थापन पक्ष र मुख्य प्रशिक्षकबीचको विवादले टिम र खेलाडीको प्रदर्शन छाँयामा पऱ्यो ।

कप्तान र प्रशिक्षक विवादको विषयमा एन्फाले भने अहिलेसम्म आधिकारिक धारणा सार्वजनिक गरेको छैन । अब कप्तान र प्रशिक्षक चेन्ज हुन्छ वा निरन्तर हुन्छ केही धारणा आएको छैन । बुधबार पत्रकार सम्मेलनमा उपस्थित भएका एन्फाका टेक्निकल डिरेक्टर हरि खड्काले भने प्रशिक्षकलाई आफूले म्सेज पठाएको तर जवाफ नआएको बताए । उनले प्रशिक्षक आउनुपर्ने र छलफल गरेर सबै कुरा टुङ्गयाउनुपर्ने पनि बताए ।

यस्तै प्रशिक्षकले उठाएको प्रश्नमा नेपालमा सबै सुविधाहरु उपलब्ध नभएको पनि उनले स्वीकार गरे । प्रशिक्षक वाइल्डले जिपिएस देखि फिजिकल ट्रेनर, टेक्निकल एनालिस्टलगायत आवश्यक रहेको भनेपनि त्यो सबै नभएको र छोटो समयमा पूरा गर्न नसकिने बताए । सबै कुरा पूरा गर्न काम गरिरहेको खड्काले बताए ।

*(स्रोत: अनलाइनखबर)*

'सिटामोल' टिजरमा प्रतिक्रिया :

# 'अभिनयमा सौगात इरफान खान बराबर'



काठमाडौं / आगामी साउन २३ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'सिटामोल'को प्रचार सामाग्रीको रुपमा टिजर र एक गीत (झुम्का कानैमा) सार्वजनिक भइसकेको छ । दुई हप्ताको अन्तरालमा रिलिज भएका यी दुवै सामाग्रीले फिल्मको हाइप निर्माणमा ठूलो भूमिका खेलेका छन्। विशेषगरी टिजरले फिल्मप्रति दर्शकमा आशा र अपेक्षा जगाएको छ। युट्युबमा प्राप्त प्रतिक्रियाले पनि त्यो दर्शाउँछ ।

११ लाख भ्यूज पाइसकेको टिजरलाई सकारात्मक प्रतिक्रियाको वर्षा नै छ । प्राय:ले सौगात मल्लको अभिनयको प्रशंसा गरेका छन् । कतिले उनलाई दिवंगत बलिउड अभिनेता इरफान खानसँग समेत दाँजेका छन् । टिजरमा समावेश संवाददेखि सौगात मल्ल र बेनिशा हमालको जोडीलाई पनि निकै रुचाइएको छ । यसअर्थ टिजरले फिल्मप्रति दर्शकमा उत्सुकता जगाउन सफल भएको छ ।

'सिटामोल'को गीतलाई पनि युट्युबमा प्रशंसाको ओइरो देखिन्छ । तीन सातामा १० लाख भ्यूज पाइसकेको गीतलाई दर्शकहरुले मौलिक सृजना भन्दै शब्द, संगीत र गायनको प्रशंसा गरेका छन् । टिजर र गीत दुवै रुचाइएपछि निर्माण टिम उत्साहित देखिएको छ । दर्शकको प्रतिक्रियाले अब अन्य गीत र ट्रेलर उत्कृष्ट बनाउनुपर्ने ठूलो चुनौती थपिएको निर्देशक राज बहादुर साने बताउँछन् ।

प्रदीप भारद्वाज र निर्देशक सानेको लेखन रहेको फिल्ममा सौगात र बेनिशासहित श्री कृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भुगोल कार्की, हिउँवाला गौतम, सुशील पोखरेल, आरआर खड्का, पवन भट्टराई, बाल कलाकारहरु करण परियार, आराध्या राज्यलक्ष्मी डिसी लगायतको अभिनय छ । सिमोस सुनुवारको प्रस्तुतिमा बनेको यो फिल्ममा दिव्य सुवेदीको छायांकन छ ।

# 'कुस्ती'पछि अब 'मैझारो'मा बाँधिँदै धीरज र मिरुनाको जोडी



काठमाडौं / अभिनेता धीरज मगर र अभिनेत्री मिरुना मगरले एकपटक फेरि फिल्ममा सहकार्य गर्ने भएका छन् । कलाकार विल्सन विक्रम राई 'तक्मे बुढा'को निर्माण तथा निर्देशनमा बन्न लागेको फिल्म 'मैझारो'मा उनीहरुको जोडी बाँधिन लागेको हो । यसअघि उनीहरुले फिल्म 'कुस्ती'मा एकसाथ काम गरिसकेका छन् । यो फिल्म रिलिज हुन बाँकी छ ।

सोमबार धीरजलाई फिल्ममा अनुबन्ध गरेका विल्सनले मंगलबार मिरुनासँग लिखित सम्झौता गरेका हुन् । यसै साता कलाकारको पूर्ण लाइनअप तयार पारेर आगामी साउन पहिलो साताबाट छायांकन सुरु गर्ने तयारी गरिएको छ । फिल्ममा विल्सन स्वयंको लेखन रहेको छ । उनले यही फिल्मबाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् ।

तक्मे प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको 'मैझारो'मा अनमोल गुरुङ र तोरेम्पा हाङ राईको संगीत, राजेश पायल राईको गायन तथा सौरभ लामाको छायांकन रहनेछ । फिल्मलाई पूर्वी पहाडी भेग इलाम र पाँचथरका रमणीय स्थानहरूमा खिचिनेछ । पूर्वी पहाडको जीवनशैली, संस्कृति र सामाजिक यथार्थतामा फिल्म आधारित हुने जनाइएको छ ।

# 'जदौ'मा मुकुनको जोडी बन्दै ऋचा




काठमाडौं / आगामी भदौबाट छायांकनको तयारीमा रहेको फिल्म 'जदौ'मा यतिबेला कलाकारहरू भित्रिने क्रम जारी छ । अभिनेता मुकुन भुसाल र अभिनेत्री नीति शाह अनुबन्धित भइसकेको फिल्ममा अब अर्की अभिनेत्री ऋचा शर्मा (राणा)को प्रवेश भएको छ । उनले मंगलबार फिल्म सम्झौता गरेकी हुन् ।

यो फिल्ममा ऋचाको जोडी मुकुनसँग बाँधिने जनाइएको छ । उनीहरुबीच पहिलोपटक सहकार्य हुन लागेको हो । ऋचाले नीतिसँग भने फिल्म 'कोशेढुंगा'मा काम गरिसकेकी छन् । फिल्ममा अझै केही स्थापित कलाकारलाई भित्र्याउने तयारीमा निर्माण पक्ष छ ।

अन्तरजातीय प्रेमकथामा आधारित भएर बन्न लागेको फिल्मलाई कसले निर्देशन गर्नेछन् भन्नेबारे जानकारी गराइएको छैन । यद्यपि, निर्देशकको टुंगो लागिसकेको बताइएको छ । काजी लिम्बूको लेखन रहेको 'जदौ'को निर्माणमा सिल्भर स्क्रिन इन्टरटेन्मेन्ट र समिश्रण मुभिज एण्ड इन्टरटेन्मेन्टले सहकार्य गरेका छन् ।

रामराजा सुवेदी, ओम चेम्जोङ, शान्ता तामाङ र नारायण शास्त्री सह-निर्माता रहेको फिल्ममा बाबुल गिरीको संगीत रहनेछ । दाङ र प्यूठान जिल्लामा छायांकन गर्न लागिएको यो फिल्मलाई यसै वर्ष रिलिज गर्ने लक्ष्य राखिएको छ ।

# लुम्बिनी प्रदेशमा सुरक्षित...

महिलाको जनसंख्या धेरै भएको लुम्बिनीमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी ऐन, २०७५ को भाग ४ को दफा १५ ले गर्भवती महिलाको अवस्थाअनुसार १२ हप्तादेखि २८ हप्तासम्मको गर्भपतन गराउन सकिने व्यवस्था भएसँगै सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने संस्थाहरुको विस्तार भएको छ । सुरक्षित गर्भपतन सेवा प्रदायकको क्षमता अभिवृद्धि प्रदान तथा सुरक्षित गर्भपतन सेवासम्बन्धी समुदाय र विद्यालय तहमा जनचेतना अभिवृद्धि भएको पाइएको हो । असुरक्षित गर्भपतन रोक्न र महिलाहरुको प्रजनन स्वास्थ्यमा सुधार ल्याउन सरकार, परिवार नियोजन संघलगायत संस्थाहरुले भूमिका खेल्दै आएका छन् ।

प्रत्येक जिल्लामा अहिले सुरक्षित गर्भपतनका लागि सूचीकृत स्वास्थ्य संस्थाको पहुँच र त्यही अनुसारको सचेतनामूलक सूचना फैलाइएकाले पनि सुरक्षित गर्भपतन गराउनेको संख्या बढ्दै गएको लुम्बिनी प्रदेश, स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालयका सूचना अधिकारी भरतबहादुर कुँवरले जानकारी दिनुभयो । प्रत्येक जिल्लामा अहिले सुरक्षित गर्भपतनका लागि सूचीकृत स्वास्थ्य संस्थाको पहुँच र त्यही अनुसारको सचेतनामूलक सूचना फैलाइएकाले पनि सुरक्षित गर्भपतन गराउनेको संख्या बढ्दै गएको लुम्बिनी प्रदेश, स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालयका सूचना अधिकारी भरतबहादुर कुँवरले जानकारी दिनुभयो ।

सूचना अधिकारी कुँवरका अनुसार जिल्ला-जिल्लामा अहिले सुरक्षित गर्भपतनका लागि सूचिकृत स्वास्थ्य संस्थाहरुको पहुँच र त्यही अनुसारको समाजमा सचेतनाका विभिन्न कार्यक्रमहरु सञ्चालन गरेकाले पनि सुरक्षित गर्भपतन गराउनेहरुको संख्या बढ्दै गएको हुन् । सूचीकृत स्वास्थ्य संस्थामा पुगेर गर्भपतन गराउनेको संख्या बढेको देखिँदा असुरक्षितरुपमा गर्भपतन गराउने महिलाको संख्या पनि उत्तिकै रहेको आँकलन गरिएको उहाँ बताउनुहुन्छ ।

'सामाजिक, आर्थिक, सांस्कृतिक कारणले असुरक्षित स्थानमा गर्भपतन गराउन पुग्नेहरू पनि छन्, विवाह नगरी गर्भपतन गराउने, २० वर्ष नपुगेका महिला पनि गर्भपतन गराउन पुग्नेको संख्या बढ्दो छ', राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. वसन्त लामिछानेले भन्नुभयो, 'पाठेघरमा प्वाल पर्ने, आन्द्रामा प्वाल पर्ने, पुन: गर्भधारण हुन नसक्ने अवस्था आउने, सम्पूर्ण शरीरमा संक्रमण भएर मृत्यु हुनेजस्ता समस्या देखिने भएकाले असुरक्षित गर्भपतन गराउनुहुँदैन ।'

उहाँ सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा गएर डाक्टरको प्रत्यक्ष परामर्श र निगरानीमा मात्रै सेवा लिन सुझाव दिनुहुन्छ । सरकारी अस्पतालदेखि स्वास्थ्य चौकी र गैरसरकारी संस्थाले सञ्चालन गरेका परिवार नियोजन कार्यक्रममार्फत सुरक्षित गर्भपतन सेवा उपलब्ध छ तर अझै पनि सामाजिक पछौटेपनका कारण सुरक्षित गर्भपतन सेवा लिने ठाउँमा नपुगी असुरक्षित गर्भपतन गराउने गरिएको देखिएको अर्का स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. शिशिर कुँवरले बताउनुभयो । 'मानिस किन गर्भपतनको अवस्थामा पुगेका छन् ? यो अध्ययनन गर्न जरुरी छ । सामाजिक मूल्य, मान्यताजस्ता कारण पनि लैंगिक विभेदले छोरा चाहिने नाममा महिलाले गर्भपतन गर्ने क्रम बढेको देखिएको छ', उहाँले भन्नुभयो, 'समाजमा गरिबी, अशिक्षा, परम्परागत सोचका कारण पनि असुरक्षित गर्भपतनको प्रभाव बढ्दै गएको छ । जाँचविना औषधि सेवन, जथाभावी गर्भपतन, मनलाग्दी औषधि सेवनलगायत कारणले पनि समस्या पैदा गरेको छ ।'

यो वर्ष स्वास्थ्य मन्त्रालयका लागि विनियोजित ३ अर्ब १८ करोड बजेटमध्ये मातृ, शिशु स्वास्थ्यका क्षेत्रमा सुधार ल्याउने गरी बजेट कार्यान्वयन भइरहेको लुम्बिनीका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले बताउनुभयो । उहाँले असुरक्षित गर्भपतन गराउँदा महिलाको ज्यान जानेसम्मका जोखिम रहेकाले स्वास्थ्य मन्त्रालयले सचेतना अभिवृद्धिका कार्यक्रमसमेत गर्दै आएको बताउनुभयो । असुरक्षित गर्भपतनले महिलाको ज्यानै जान सक्ने भएकाले सचेत हुनुपर्ने उहाँले बताउनुभयो । 'पहिले सूचीकृत स्वास्थ्य संस्थाहरुको संख्या पनि कम थियो, पहुँच थिएन', उहाँले भन्नुभयो, 'अहिले सूचीकृत स्वास्थ्य संस्थाको संख्या बढिरहेको छ । सोही अनुसार आफूहरुले विभिन्न कार्यक्रम गरी सचेत गराउने गरिएको छ ।' लिंग पहिचान गरेर गर्भपतन गराउने कार्य कानुनले वर्जित गरेको छ तर पनि अझै छोराको नाममा गर्भपतन गराउन असुरक्षित स्थान तथा सूचीकृत नभएका स्वास्थ्य संस्थामा पुग्ने गरेको देखिन्छ । महिलाको इच्छाविपरीत करकाप, जबरजस्ती गर्भपतन गराउन कानुनले वर्जित गरेको छ । मुलुकी अपराध संहितामा लिंगको पहिचान गरेर गर्भपतन गर्न नपाइने, गरेको पाइए कैद एवं जरिवानासम्मको सजाय तोकिएको छ तर अझै पनि लिंग पहिचान गरेर गर्भपतन गराउनेहरु भेटिने गरेका छन् ।

*(साभार:न्यूज अफ नेपाल)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### स्थानीयवासी वर्षायाममा हिलो र हिउँदमा धुलोको समस्या झेल्न बाध्य

# कलंकीदेखि मार्खु-विशिंखेलसम्मका सडक निर्धारित समयमा बनेन

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका स्थित कलंकीदेखि मार्खु-विशिंखेल सम्मको पर्यटकीय मार्ग निर्माणको काम निर्धारित समयमा सम्पन्न नहुँदा स्थानीयले सास्ती खेप्न बाध्य भएका छन् ।

बागमती प्रदेश सरकारको लगानीमा निर्माणाधीन ८ दशमलव ८ किलोमिटर सडकको भौतिक प्रगति ४५ प्रतिशत मात्रै रहेको छ । मकवानपुरको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा रहेको कुलेखानी, मार्खु, चित्लाङ, बज्रबाराही तथा दामन-पालुङलाई लिने गरिन्छ । तर, ति ठाउँमा पुगिने सडक अलपत्र हुँदा आन्तरिक तथा बाह्य पर्यटकलाई आवगमनमा समस्या परेको छ । लालिगुराँस, सुन्दर ग्रामीणवस्ती, मानवनिर्मित नेपालकै ठूलो ताल, डुंगाशयरको लागि त्यहाँ पुग्ने पर्यटकलाई यात्रा सहज भने छैन ।



हिउँदमा धुलो र वर्षामा हिलोको सामाना गर्दै जानुपर्ने अवस्था छ । सडकमा धुलो उडेर रुघाखोकी लाग्ने, श्वासप्रश्वासको समस्या देखापरेको स्थानीयको गुनासो छ ।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको ३५ करोड २८ लाख ६२ हजार रुपैयाँ लगानीमा लामा आइएस आरआर जेभी काठमाडौँले दुई वर्षभित्र सडक निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको थियो । तर, निर्माण कम्पनीको ढिलासुस्तीका कारण सडक निर्माणले गति पाउन सकेको छैन । असार मसान्तभित्र काम सक्नुपर्ने सम्झौता भए पनि हालसम्म ४५ प्रतिशत मात्रै काम सकिएको छ भने वित्तीय प्रगति ३० प्रतिशत छ । सम्झौता अनुसार सडक चौडा गरी कालोपत्रे गर्ने मुख्य जिम्मेवारी पाएको निर्माण कम्पनीले तोकिएको समयमा काम नसक्दा स्थानीयवासी, पर्यटक र इन्द्रसरोवर क्षेत्रका होटल व्यवसायी मारमा परेका छन् ।

सडक निर्माणमा भइरहेको ढिलाइले यस क्षेत्रमा आउने पर्यटकलाई समेत असर परेको छ । 'बाटोको कारण पर्यटनक्षेत्रमा केही प्रभाव परेको छ' होटल व्यवसायी सरोज श्रेष्ठले भने, पर्यटकहरु सोचेको अनुसार आउन सकेको छैन ।'

पूर्वाधार विकास कार्यालय हेटौंडाका प्रमुख सुजन भण्डारीका अनुसार तोकिएको समयमा काम नसकिएपछि निर्माण कम्पनीलाई एकवर्ष समय थप गरिएको छ । यसअघि पनि तोकिएकै समयमा काम सम्पन्न गर्न पूर्वाधार कार्यालयले पटक- पटक छलफल गरेको थियो । ५ भन्दा बढी पटक पत्राचार गरेको थियो ।

# शंकरज्योति माविलाई वाटर फिल्टर तथा डिस्पेन्सर हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ हेटौंडा उपमहानगरपालिका वडा नं. ११ सिमलटारस्थित शंकरज्योति माध्यमिक विद्यालयलाई ईलेक्ट्रिक वाटर फिल्टर तथा डिस्पेन्सर प्रदान गरिएको छ ।

टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडा उपमहानगर पालिकाको आयोजनामा २५ औं स्थापना दिवस तथा रजतमहोत्सव-२०८२ को अवसरमा वाटर फिल्टर प्रदान गरिएको हो । विद्यालय परिसरमा आयोजित एक समारोहबीच समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले विद्यालयका प्रधानाध्यापक महेश रिजाललाई सामग्री हस्तान्तरण गरेका हुन् । अध्यक्ष अधिकारीले टोल विकास संस्था नगरसमन्वय समितिले समाज रुपान्तरणका विभिन्न पक्षमा समर्पित भावनाले काम गर्दै आएको बताए । 'शिक्षण संस्थामा स्वच्छ पिउने पानीको पहुँच हुनु विद्यार्थीको स्वास्थ्य र सिकाइ दुवैका लागि महत्वपूर्ण हुन्छ । संस्थाले गरिरहेको यस्ता साना प्रयास सामूहिक प्रभावका हिसाबले निकै अर्थपूर्ण छन्' उनले भने ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रिजालले टोल विकास संस्था नगरसमन्वय समितिप्रति आभार प्रकट गर्दै भने, 'स्वस्थ्यकर पानी पिउन पाउनु हरेक विद्यार्थीको नैसर्गिक अधिकार हो। यस किसिमको सहयोगले विद्यार्थीलाई स्वस्थ्य राख्न, सिकाइमा प्रेरणा दिन र विद्यालयको वातावरण अझ सकारात्मक बनाउन सघाउनेछ ।' विद्यालयका शिक्षक रोशन पराजुली, समितिका उपाध्यक्ष सति न्यौपाने, उपहासचिव देवकुमार श्रेष्ठ, सचिव चन्द्रावती पनेरु, टोल विकास संस्था वडा समन्वय समिति, हेटौंडा-११ का अध्यक्ष यज्ञबहादुर आचार्यलगायतको उपस्थिति थियो ।

कार्यक्रममा सहभागी सबैले यस्ता सामाजिक उत्तर दायित्वमूलक कार्यको निरन्तरता आवश्यक रहेको धारणा राखेका थिए । टोल विकास संस्था नगर समन्वय समितिले स्वास्थ्य, सरसफाइ, वातावरणीय संरक्षण, महिला सशक्तिकरण, साइबर सुरक्षाबारे जनचेतना र युवालाई लक्षित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यक्रमले विद्यालय र समुदायबीचको सहकार्यलाई अझ बलियो बनाउने विश्वास व्यक्त गरिएको थियो ।

# त्रिविको उपकुलपतिमा अर्याल नियुक्त



साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ त्रिभूवन विश्वविद्यालयको नवनियुक्त उपकुलपति प्राडा दीपक अर्यालले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् ।

बुधवार प्रधानमन्त्री एवम् त्रिभूवन विश्वविश्वविद्यालयका कुलपति केपी शर्मा ओलीसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन् । प्रधानमन्त्री निवास, बालुवाटारमा भएको कार्यक्रममा कुलपति ओलीसमक्ष उपकुलपति प्राडा अर्यालले सपथ लिएका हुन् । शिक्षामन्त्री रघुजी पन्तको अध्यक्षतमा गठित सिफारिस समितिले दीपक अर्याल, खड्ग केसी र प्राडा विनिल अर्यालको नाम सिफारिस गरेको थियो । जसमध्ये कुलपति ओलीले प्राडा. अर्याललाई उपकुलपतिमा नियुक्त गरेका थिए ।

प्राडा अर्याल जल तथा मौसम विज्ञान केन्द्रीय विभागका पूर्वप्रमुख हुन् । चैत्र १५ गते प्राडा केसरजङ्ग बरालले राजीनामा दिएपछि त्रिविमा उपकुलपति पद रिक्त भएको थियो । २०५२ सालमा शिक्षण सहायकबाट त्रिविमा प्रवेश गरेका अर्याल उपकुलपति बने । उनी सेवा आयोगको प्रक्रिया पूरा गरेर त्रिवि छिरेका थिए । उनी त्रिविमा सन् १९९५ देखि १९९७ सम्म शिक्षण सहयोगी, १९९७ देखि २००९ सम्म सहायक प्राध्यापक, २००९ देखि २०१९ सम्म उपप्राध्यापक, विश्वविद्यालय अनुदान आयोग, जल तथा मौसम विज्ञान विभागीय प्रमुख, २०१९ मा प्राध्यापक र नास्टको प्राज्ञ २०२१ मा भएका थिए ।

काठमाडौंको जोरपाटी अर्यालगाउँका स्थानीय उनी जयभुँडी, इतिश्री, दश अवतारलगायत कृतिका लेखक प्रसिद्ध हास्यव्यङ्ग्यकार भैरव अर्यालका जेठा छोरा हुन् । उनले त्रिभुवन विश्वविद्यालयबाट जलवायुमा विद्यावारिधि गरेका छन् । उनी नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका प्राज्ञ पनि हुन् ।

# नेकपा (माओवादी केन्द्र) थाहानगर समितिको आपत्ती

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ नेकपा (माओवादी केन्द्र) थाहानगर समितिले थाहानगरका पूर्वनगरप्रमुख लवशेर बिष्टमाथि सामाजिक संजालमा लगाएको तथ्यहिन आरोपप्रति गम्भीर आपत्ती जनाएको छ ।




बुधबार एक विज्ञप्ती जारी गर्दै आपत्ती जनाएको हो । अध्यक्ष विनोदकुमार लामाद्वारा हस्ताक्षरित विज्ञप्तीमा पूर्वनगरप्रमुख तथा पार्टीका थाहानगर इन्चार्ज बिष्टलाई जनताको पक्षमा इमान्दारी पूर्वक काम गर्ने लोकप्रिय, सक्षम तथा स्वाभिमानी नेताकारुपमा चित्रण गर्दै हाल उनमाथि लगाइएको आरोपलाई राजनीतिक प्रतिशोधको रुपमा व्याख्या गरिएको छ । 'बिष्ट नेतृत्वको पालामा थाहा नगरपालिकाले योजनाबद्धरुपमा थुप्रै विकासका कार्यक्रम सञ्चालन गर्दै नगरवासीको जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएको थियो । तर, पछिल्लो समय केही राजनीतिक शक्ति तथा व्यक्तिले विगतको असहजता र राजनीतिक पूर्वाग्रहको आधारमा योजनाबद्धरुपमा बिष्टलाई बदनाम गर्न खोजेको आरोप लगाइएको छ' विज्ञप्तीमा भनिएको छ ।

यसै सन्दर्भमा, थाहा नगरपालिकाको अक्सिजन प्लान्टको विषयमा २०७९ बैशाख १२ मा प्लान्ट खरिदको लागि बोलपत्र आह्वान भएको देखिने र सोही बैशाख २२ गते नै नगरप्रमुखबाट राजिनामा दिएको स्मरण गर्दै तत्पश्चात असार ७ गते खरिदको लागि आसयको सूचना प्रकाशित भएको र असार २१ गते शुभारम्भ सर्भिस ट्रेडर्ससँग सम्झौता गरी १२ लाख रुपैयाँ मोबिलाइजेसन बापत भुक्तानी भएको देखिन्छ भन्दै माओवादी थाहाले खरिद प्रक्रिया तत्कालीन मेयर बिष्टको राजिनामा पछि सुरु भएको स्पष्ट हुँदाहुँदै राजनीतिक प्रतिशोधको रुपमा सामाजिक संजालमा तथ्यहिन र पूर्वाग्रही ढंगले चरीत्र हत्या गरेकोमा माओवादी केन्द्र थाहानगरको गम्भीर ध्यानाकर्षण भएको बिज्ञप्तीमा जनाइएको छ ।

# कार्यबाहक मुख्यमन्त्रीको जिम्मेवारी श्रेष्ठलाई प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ बागमती प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्री प्रकाश श्रेष्ठलाई कार्यबाहक मुख्यमन्त्रीको जिम्मेवारी प्रदान गरिएको छ ।

मुख्यमन्त्री बहादुरसिंह लामा केही दिनका लागि बेलायत जाने भएपछि मुख्यमन्त्रीको जिम्मेवारी श्रेष्ठलाई दिइएको हो । मुख्यमन्त्री लामाको सिफारिसमा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले मन्त्री श्रेष्ठलाई कार्यबाहक मुख्यमन्त्री तोकेका हुन् । मुख्यमन्त्री लामा बेलायतमा रहने क्रममा छोरीको दीक्षान्त समारोहमा सहभागी हुनेछन् । त्यस्तै, धादिङ-नुवाकोट समाज र तामाङ समुदायद्वारा आयोजित विभिन्न औपचारिक कार्यक्रममा समेत सहभागी हुने कार्यक्रम रहेको बताइएको छ ।

मन्त्री श्रेष्ठले मुख्यमन्त्री लामा बाहिर रहेको अवधिभर प्रदेश सरकारको नेतृत्व गर्नेछन् । असार २५ गतेदेखि लागू हुने यो निर्णय अनुसार उनले मुख्यमन्त्री लामा नेपाल फर्केर कार्यभार जिम्मेवारी सम्हाल्नु भन्दा अघि कार्यवाहक मुख्यमन्त्रीको रुपमा जिम्मेवारी सम्हाल्ने छन् ।

### रसुवा बाढीको प्रभाव:

# बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठी छोट्याइयो



साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ धुलिखेलमा बसेको वागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठी-२०८२ निर्धारित तालिकाअनुसार पूर्णरुपमा सम्पन्न हुन सकेन ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा तीनै तहका सरकार एकजुट भएर लाग्नुपर्ने उनले बताए । मन्त्री लामिछानेले प्रदेश सरकारले हालसम्म ७२ प्रहरी भवन निर्माण गरेको जानकारी दिँदै प्रहरी दरबन्दी व्यवस्थापन र थप गर्न नेपाल सरकारसँग पहल गर्ने प्रतिवद्धता व्यक्त गरे । जिल्ला सुरक्षा समितिलाई शान्तिसुरक्षा कायम गर्न र विपद्मा संवेदनशील भई सहकार्य गर्न निर्देशन दिएका छन् ।

बैठकमा आयोजना गर्न लागिएको अन्तर जिल्ला समन्वय सत्र र अन्य प्रस्तुती स्थगन गरिएको भएपनि पूर्वनिर्धारित सुरक्षा ब्रिफिङ सत्र भने सञ्चालन गरियो । ब्रिफिङमा प्रदेशस्तरीय सुरक्षाका रणनीति, विपद् व्यवस्थापन, आपतकालीन तयारी, जिल्लास्तरीय समन्वय र सूचनाको प्रवाहबारे छलफल गरिएको थियो । बैठकमा सहभागी अधिकांश सुरक्षा अधिकारी र प्रशासनिक पदाधिकारीले रसुवाको अवस्था तत्काल हेर्नुपर्ने आवश्यकता औंल्याउँदै कार्यक्रम छोट्याउने निर्णयलाई समर्थन गरे । बाढीको तत्कालीन स्थिति, मानवीय क्षति, बेपत्ता सुरक्षाकर्मीको अवस्था सहित गृह मन्त्रालयले प्रमुख विषयवस्तुलाई तत्काल समन्वय गरी निष्कर्ष निकालेको बताइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना